त्रिपुरासुन्दरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ त्रिपुराकोट खण्ड : १८ २०७५ असोज १ गते

भाग २ अंक

त्रिपुरासुन्दरी नगरपालिकाको

**नगर प्रहरी व्यवस्थापन ऐन, २०७५**

**प्रस्तावना**

नेपालको संबिधान र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको त्रिपुरासुन्दरी नगरपालिका नगर प्रहरी नियुक्ति, परिचालन, बर्खास्त र व्यवस्थापन गर्न आबश्यक देखिएकोले त्रिपुरासुन्दरी नगर कार्यपालिकाको मिति २०७५/०३/१२ गतेको बैठकले निर्णय गरी यो ऐन लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो ऐनको नाम **नगर प्रहरी व्यवस्थापन ऐन २०७५** रहने छ ।

(ख) यो ऐन नगरसभाद्वारा पारित गरेपछि लागु गरिनेछ ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) **"ऐन"** भन्नाले नगर प्रहरी व्यवस्थापन ऐनलाई सम्झनु पर्दछ ।

(ख) **"नगरपालिका"** भन्नाले त्रिपुरा सुन्दरी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"भत्ता"** भन्नाले त्रिपुरासुन्दरी नगरपालिकाले समय समयमा तोकी दिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(घ) **"सभा"** भन्नाले नगरपालिकाको सभा सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रसाशकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाइएको अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"तोकीएको"** वा **"तोकीए बमोजिम"** भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकीएकोवा तोकीए बमोजिम सम्झनु पर्छ ।

(छ) **"जवान"** भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्दछ ।

(ज) **"नगर प्रहरी कर्मचारी"** भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनु पर्छ ।



CamScanner

## परिच्छेद - २

## नगर प्रहरी सेवा गठन तथा रेखदेख र नियन्त्रण

### नगर प्रहरी सेवाको गठन

३. नगरपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ।

४. नगर पालिकामा रहने नगर प्रहरीको पद र तहः-

(क) सभाले तोकेको पद र तह रहने छन।

(ख) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ।

(ग) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

५. **नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने सम्बन्धित खर्च व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने।

(२) नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, मिचि कसैको घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने। निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा

मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने, भत्काउने आदेश भएमा भत्काउने ।

(४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमूख समक्ष पेश गर्ने, मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने, लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने गराउने ।

(६) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाध्य पदार्थ बिक्री वितरमा रोक लगाउने । तोकीएको मापदण्ड बिपरित सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने पटक-पटक यस्तो कार्य दोहोरिएमा जरीवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपन्छि, जन्तुहरु जीवकाटमार गर्न नदिने र त्यस्ता पसुपन्छी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने, अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्बन्धि कारवाही गर्ने, मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सो को लिखित प्रतिवेदन पेश गर्ने भत्काउनका लागि आदेश भए भत्काउने ।

(१०) वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गराउने गर्ने ।

(११) नगर कार्यपालिका, समिति, उपसमिति बिभाग तथा आयोजनाहरुबाट



CamScanner

लागु हुने नीति नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) नगरको सुव्यवस्था कायम गर्ने । नगर पालिकाको चल अचल सम्पत्ति भवन जग्गा पार्क मेशिन उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा पेशा व्यवसाय दर्ता्नबीकरण गर्न लगाउने ।

(१४) बिना ईजाजत व्यानर, होडिङ्ग बोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य बिज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१५) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा सम्मेलन तालिम अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तरफबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१६) नापतौलका सामाग्रीको चेक जाँच गर्ने पसल व्यवसायमा मुल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(१७) होटल, रेष्टुरेन्ट, गेष्ट हाउसको गतिबिधिहरुको निरिक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(१८) नगर पालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु । सर्कस जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

(१९) अरुलाई बाधा पुग्ने गरि लाउड स्पीकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२०) शहरमा ध्वनी, धुवा, प्रकाश, अथवा कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उधोग धन्दा सन्चालनमा रोक लगाउने ।

(२१) दमकल (FF Fire Brigade) सेवालाई २४ सै घण्टा चुस्तदुरुस्त राखि माग भएको ठाँउमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने ।

(२२) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२३) नगरपालिका मातहतका विभाग, शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिम कार्यहरु गर्ने गराउने ।

(२४) नगर प्रहरीले नगरपालिकाबाट संचालन भएका कृषि तथा वन पैदावारसम्बन्धी उद्योग, कारखाना सञ्चालनको लागि कच्चा पदार्थ संकलन ढुवानी, आयात, निर्यात तथा प्रशोधन कार्यका लागि परिचालन गरिनेछ।

(२५) नगरपालिकाले आवश्यकता अनुसार सडक, कुलो, नहर, सार्वजनिक निर्माण तथा मर्मत कार्यको लागि समेत परिचालन गर्न सक्नेछ।

(२६) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने।

(२७) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

## परिच्छेद - ४

## तह विभाजन र पदपूर्ति

६. **पद श्रृजना तथा दरबन्दी खारेज:-**

(१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको श्रृजना तथा खारेजी सभाले निर्णय गरे बमोजिम हुनेछ।

(२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण ,प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण ,मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभासमक्ष पेश गर्नु पर्नेछ।

(३) नगर प्रहरी पद स्थायी हुने छैन। स्वीकृत दरबन्दी स्थायी हुने छैन।

७. **नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु:** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिता द्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ।

(१) नगर प्रहरी निरिक्षक

(२) नगर प्रहरी सहायक निरीक्षक

(३) नगर प्रहरी जवान

(४) नगर प्रहरी सहयोगी

**८. नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा नगरपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**९. पदपूर्ति गर्ने तरिका :**

(१) नगर प्रहरी निरीक्षक, नगर प्रहरी सहायक निरिक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

(२) नगर प्रहरी जवान पद र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पद पूर्ति गरिनेछ ।तर यसरी छनौट गर्दा प्रतिनिधित्व समानुपातिक हुने गरी कायम गर्नुपर्नेछ ।

**१०. पदपूर्ति समिति :** नगरपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीको समिति हुनेछ, नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई आमन्त्रित गरिनेछ।

**११. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु:**

(क) नगर प्रहरी निरिक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछ ।

(१) दरखास्त आव्हान भएको सालको बैशाख १ गते बर्ष २१ उमेर पुगेको तर २४ बर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने बहालवाला नगर प्रहरीको हकमा ३५ बर्ष ननाघेको ।

(२) स्वीकृत बिश्वबिद्यालयबाट घटीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनितिक पाटीको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ ईन्च उचाई भएको ।

(७) छाती नफुलाउदा घटीमा ३१ ईन्च र फुलाउदा ३३ ईन्च भएको ।

(८) आँखा माइनस २ प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको ।

(१०) नेपाली नागरिकता प्रमाण पत्र पाएको ।

१२. खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरिक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त आब्हान गरेको सालको बैशाख १ गते १८ बर्ष उमेर पुगेको र २४ बर्ष ननाघेको बहालवाला नगर प्रहरीको हकमा ३५ बर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

१३. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** पदपूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विनियम १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुनेको योग्यताक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्य तालिका बनाउने ।

(घ) परिक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि बिज्ञापन प्रकाशन गर्ने ।

(च) परिक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

(ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनि तोकीएका पदपूर्ति सँग सम्बन्धित अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यबिधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१४. योग्यताक्रम सूची तयार गर्ने :**

(१) उमेदवारहरुले दिइएको परिक्षा र अन्तर्वार्तामा प्राप्त गरको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका

लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) विनियम १८-१० बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतिस दिनभित्र नगरपालिकाले नियुक्ति पत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) विनियम १८-३० बमोजिम निर्णय भएको मितिले सात दिनभित्र कार्यकारी अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१५. जेष्ठताक्रम कायम गर्ने :**

(१) नगर प्रहरी निरिक्षक र नगर प्रहरी सहायक निरिक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिने छ ।

(२) वैकल्पिक उमेदवारहरुले एक बर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१६. परिक्षण कालमा राखिने :**

(१) नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई ३ महहिनाको परिक्षणकालमा राखिने छ ।सो अबधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले करार भङ्ग गर्न सक्नेछ ।

**१७. नियुक्ति सदर :** परिक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभुत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

**१८. नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा भर्ना :**

(१) नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने

उम्मेदवारले नगर पालिकाले तोके बमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्नेछ ।

(२) निवेदन दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्ने :-

(क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको बैशाख १ गते उमेर १८ बर्ष पुगेको बर्ष २३ ननाघेको तथा नगर प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको बैशाख १ गते १६ बर्ष उमेर पुगेको र ३५ बर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा आठ पास गरेको ।

(ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) राजनिर्ति तक पाटीको सदस्य नरहेको ।

(ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

(च) स्वीकृती प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(छ) आँखा माईनस २ प्लस वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।

(३) नियुक्तिको लागि सिफारिस भएको मिततिले पैतिस दिन भित्र नगरपालिकाले नियुक्ति पत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) बिनियम २१-४० बमोजिम निर्णय भएको मितिले सात दिन भित्र कार्यकारी अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

१९. **जेष्ठताक्रम कायम गर्ने :** नगर प्रहरी निरिक्षक र नगर प्रहरी सहायक निरिक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालीममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ। बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यता क्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५

## आचरण

२०. **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य



CamScanner

समेतले नगरपालिकाको पूर्व स्वीकृत बिना स्वदेसी तथा बिदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

२१. **चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृती बिना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा गर्नु हुदैन र अरु कुनै किसिम आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

२२. **स्वीकृती बिना अचल सम्पत्ति खरिद गर्न नहुने :** नगर पालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

२३. **सम्पत्तिको बिबरण दिनुपर्ने :**

(१) नगरप्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकीएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने छ ।

(२) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैक मौज्दातका विवरण ।

(३) आफूसँग वा आफ्नो नाँउमा रहेको नगद, सुन चाँदीको अन्दाजी मूल्य ।

(४) विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

(५) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सो को सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

२४. **व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको

स्वीकृती बेगर देहायका काम गर्नु हुदैन :

(१) कुनै व्यापार गर्न

(२) कुनै फर्मको हिस्सेदार वा सन्चालक हुन र

(३) कुनै व्यवसाय चलाउन ।

२५. **नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

२६. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमती प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तबिक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियो द्धारा प्रसारण गर्न हुदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक ,कलात्मक ,ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक बिषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नु पर्दछ ।

२७. **नगरपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र महानगर बासीमा खलल् पुग्ने गरी भाषण सम्वाद लेख रचना गर्नु हुदैन ।

२८. **निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनितिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२९. **राजनितिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक



CamScanner

दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न राजनितिमा भाग लिन राजनैतिक संस्थालाइ सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई कुनै अन्य प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुदैन ।

३०. **समय पालना र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथआ नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुदैन ।

३१. **अनुसाशन र आज्ञापालन :**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नुपर्दछ ।

(२) नगरप्रहरी कर्मचारीले कार्यालयको काम सम्बन्धि कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताका साथ पालना गर्नु पर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ ।

३२. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले नोकरी आफ्नो सम्बन्धि कुरामा आफूभन्दा माथिका अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा पार्ने प्रयत्न गर्न हुदैन ।

३३. **बहु बिवाह, बालबिबाह, अनमेल बिबाह प्रतिबन्ध :** नगर प्रहरी कर्मचारीले मुलुकी अपराध संहिता २०७४ को बिपरित हुने गरी बिबाह गर्नु गराउनु हुदैन ।

## परिच्छेद - ६
## सजाय र पुनरावेदन

३४. **सजाय :** उचित र प्रयाप्त कारण भएमा नगर प्रहरी कार्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(१) नसिहत

(२) शारिरीक थकाई हुने (फटिक) सजाय गर्ने ।

(३) तलब वृद्धि वा पदोन्नती रोक्का गर्ने ।

(४) तल्लो तहमा घटुवा गर्ने ।

(५) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलब भत्ताबाट कट्टी गी असुल गर्ने ।

(६) भबिस्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भबिस्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**३५. नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ ।दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ

**३६. तलब बृद्धि तथा पदोन्नती रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

**३७. दर्जा र तलब घटाउने :** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ :

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहिनता गरेमा ।

(ग) आचरण सम्बन्धि विनियम उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको पाँच बर्ष भित्रै नोकरीबाट अलग हुन कारण झुट्टा देखाएमा ।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिब कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैर हाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेसको पालना नगरेमा ।

**३८. सजाय सम्बन्धि कार्यविधि :**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझि कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अधियोगमा तारिफ भई थुनिएको अवधिभर स्वतर्सनिलम्बित हुनेछ तर

(क) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाई तलब एकोपा भए सो कट्टा गरी र नपाएको भए (पूरै तलब बृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमावा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

**३९. सजायको आदेश दिने जाँचबुझको :** काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कार्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।



CamScanner

## परिच्छेद - ७

## पोशाक

४०. **नगरप्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य बिबरण कार्यकारी अधिकृतले तोके बमोजिम हुनेछ ।

४१. **प्रारम्भिक पोशाक र सामान प्रत्येक :** नगर प्रहरी कर्मचारीलाई अनुसुचिमा तोकिए बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

४२. **जाडो मौसमका लागि दिईने पोशाक :** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिईनेछ ।

४३. **सेरोमोनियल पोशाक :** अधिकृत कर्मचारीलाई सेरोमोनियल पोशाकको तोकिएको लागि रकम उपलब्ध गराइनेछ ।

४४. **तयारी पोशाक बितरण गर्न नसकिएमा दिने सुबिधा :** नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाई ज्याला दिइनेछ ।

## परिच्छेद - ८

## विविध

४५. **पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको शिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

४६. **दशै खर्च पाउने :** नगर प्रहरी कर्मचारीहरुले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक बर्ष घटस्थापनाको पन्ध्र दिन अगाडी दशै खर्चको रुपमा पाउनेछ ।

४७. **बाधा अड्काउ फुकाँउ :** नगर पालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुबिधा र संचालन ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ र यस ऐनमा व्यबस्था नभएका बिषयहरुको हकमा नेपाल प्रहरी नियमावली २०७१ बमोजिम हुनेछ र सो

नियमावलीमा नभएका व्यबस्थाहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ

**४८. संशोधन** : यस ऐन आवश्यक संसोधन नगरपालिकाको नगर सभाबाट गर्न सक्नेछ ।

**प्रमाणिकरण मिति : २०७५/०३/१५**

**राजपत्रमा प्रकाशित मिति : २०७५।०६।१२**



CamScanner